


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक १७ गते बुधबार ❑ 3 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## सभ्य समाजका लागि सबै वर्गको समुचित विकास आवश्यक: प्रदेश प्रमुख गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले सभ्य समाज निर्माणका लागि सबै वर्ग र समुदायको समुचित विकास हुनु आवश्यक भएको बताउनुभएको छ।

पोखरा महानगरपालिका-२५ हेमजामा निर्माण गर्न लागिएको मानवसेवा आश्रमको भवन निर्माण सहयोगार्थ मंगलबार आयोजित बृहत् सांस्कृतिक देउसी भैलो कार्यक्रममा उहाँले सबै वर्ग र समुदायको विकासबाट मात्रै राष्ट्रको विकास सम्भव हुने बताउनुभयो । विभिन्न कारणबाट एक्लो महसुस गर्दै



मानिस सडक मानवका रुपमा पुग्ने गरेको बताउँदै उहाँले उनीहरूलाई त्यसबाट मुक्त गर्दै सामाजिक जीवनमा पुनःस्थापित गर्ने काम मानवसेवा आश्रमले गरिरहेको उहाँले बताउनुभयो । समाजमा सबैले समान अधिकार उपयोग गर्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिँदै उहाँले एकापसमा हातेमालो गर्दै सहयोगी भावनाका साथ अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

गण्डकी प्रदेशका ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री हरिशरण आचार्यले मानवसेवा आश्रमबाट सडकमानवमुक्तसमाज निर्माणका लागि चालिएको अभियान प्रशंसनीय भएको बताउँदै मानवसेवा आश्रमलाई कहिल्यै अध्याँरो हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा भागवत्भाष्कर कमलनयन गौतम, रमण भट्टराई, चिरन बराललगायतले भवन निर्माण अभियानलाई सबैको साथ र सहयोग हुनुपर्नेमा जोड दिनुभयो ।

## साम्राज्यबाद र विस्तारबाद बिरुद्धको लडाई अझै सकिएको छैन: सह–इन्चार्ज सुवेदी

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक

नेकपा माओबादी केन्द्र गण्डकी प्रदेशका सह–इन्चार्ज एशोदा गुरुङ (सुवेदी) ले देशमा अझै पनि साम्राज्यबाद र विस्तारबाद बिरुद्धको लडाई नसकिएको बताउनु भएको छ।

नेकपा माओबादी केन्द्र पोखरा ९ को वडा कमिटिले मंगलबार पोखरामा आयोजना गरेको शुभकामना आदान प्रदान कार्यक्रममा बोल्दै सह–इन्चार्ज सुवेदीले देशमा अझै साम्राज्यबाद र विस्तारबाद बिरुद्धको लडाई नसकिएको दाबी गर्नु भएको हो ।

नयाँ जनबादी क्रान्ति पूरा गरे पनिसंविधान प्रद्धत्त हकअधिकार कान्वयन गर्ने समयमा हाल साम्राज्यबादी र विस्तारबादीहरुको गिद्धेनजर लाग्न थालेको उहाँको आरोप थियो । उनीहरु बिरुद्ध एक भई साम्राज्यबाद र विस्तारबादको पर्दाफास गरी राष्ट्रिय स्वाभिमान तथा आत्म निर्भर अर्थतन्त्रमा जानु पर्ने आजको आवश्यकता रहेको सह–इन्चार्ज सुवेदीले बताउनु भयो । आधारभूत नयाँ ढंगले माओबादी पाटीलाई तलबाट सुदृण गर्नुपर्ने उहाँको भनाई थियो । सांस्कृतिक र



परम्परागत संस्कारले हामीलाई थप उर्जा दिने सह–इन्चार्ज सुवेदीले विश्वास व्यक्त गर्नु भयो ।

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले सुकुम्बासीहरुलाई जग्गा उपलब्ध गराउन अब ढिला गर्न नहुने बताउनु भयो । माओबादी केन्द्र गण्डकी प्रदेशका सचिवालय सदस्य समेत रहेका मन्त्री बरालले बिचार,नेतृत्व, एजेण्डा, राजनीतिका हिसावले पनि माआबोदी श्रेष्ठ पार्टी भएको दाबी गर्नु भयो । माओबादी प्रतिको बिष्लेषण, बुझाईमा कमजोरी भएको उहाँको भनाई थियो। उहाँले भन्नुभयो "समस्या कहाँ निर छ भनेर पहिचान गरौं, समस्या हामी आफैसंग छ, अबको राजनीतिको लडाई झन पेचिलो भएको छ।"

पार्टी भित्र हुने गुट र उपगुटले पार्टीलाई समेत ठुलो असर पार्ने मन्त्री बराले बताउनु भयो । कसैको फुर्को समायर माथि पुग्न खोज्नु गलत प्रबृत्ति भएको उहाँले दाबी गर्नु भयो । माओबादी सवै प्रचण्डमै केन्द्रित हुनुपर्ने उहाँको भनाई थियो।

माओबादी नेता डिल्लीराम ढुंगानाको अध्यक्षतामा सम्पन्न भएको शुभकामना आदान प्रदान कार्यक्रममा माओबादी वडा कमिटि पोखरा ९ का अध्यक्ष बम बहादुर कार्की, सचिव दुर्गा वि.क., सदस्य राम बहादुर वयलकोटी लगायतले वोलेका थिए। नेपालीहरुको महान चार्ड शुभ दीपावली, नेपाल संवद, छठ लगायतका पर्वको अवसरमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रम तमु धिंको परिसरमा सम्पन्न भएको हो। पूर्णीमा सांस्कृतिक समुहका कलाकारहरुले सांस्कृतिक कार्यक्रमको रुपमा देउँसी भैलो समेत प्रर्दशन गरेका थिए।

## धार्मिक पर्यटन समृद्धिको आधार: मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
तनहुँ, १६ कार्तिक

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले धार्मिक पर्यटन समृद्धिको आधार रहेको बताउनुभएको छ।

१०८ फिट व्यासमूर्ति निर्माण कार्यको आज दमौलीमा शिलान्यास गर्दै उहाँले धार्मिक पर्यटनबाटै समृद्धि सम्भव रहेको बताउनुभएको हो। मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेश धार्मिक पर्यटनमा धनी रहेको चर्चा गर्दै गण्डकी प्रदेशलाई समृद्ध प्रदेश बनाउने अभियानमा सबैलाई लाग्न आग्रह गर्नुभयो । 'प्रदेशको विकासको खम्बा धार्मिक पर्यटन हो', उहाँले भन्नुभयो, 'प्रदेश सरकारले गर्नुपर्ने काम नागरिक समाजबाट भएको छ, यसमा प्रदेश सरकारको पनि साथ र सहयोग रहन्छ ।' मुख्यमन्त्री पोखरेलले विकास निर्माणमा जनताको चासो रहनु सान्दर्भिक रहेको उल्लेख गर्दै जनताको अपेक्षाअनुसार सरकारले काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले व्यासमूर्ति निर्माणको कामले धेरै ठूलो आशा जगाएको बताउँदै व्यासभूमिलाई अन्तर्राष्ट्रियस्तरसम्म परिचित गराउन लाग्नुपर्नेमा जोड दिनुभयो।

चार वेद अठार पूराणका रचयिता वेदव्यासको जन्मभूमि दमौलीलाई धार्मिक पर्यटकीय क्षेत्र बनाउने उद्देश्यसहित १०८ फिटको व्यासमूर्ति निर्माण कार्य सुरु गरिएको हो। पहिलो चरणमा रु पाँच करोड ५० लाख ५५ हजार ६४० को लागतमा मूर्ति अड्याउने स्तम्भ निर्माणको काम हुने व्यास क्षेत्र शिव पञ्चायन विकास कोषका अध्यक्ष अशोककुमार श्रेष्ठले जानकारी दिनुभयो। 'चर्चा भएको त धेरै वर्ष भयो, जे होस् अब मूर्ति निर्माणको कामको प्रारम्भ भएको छ, बजेट अभाव रहेपनि सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा मूर्ति निर्माण सम्पन्न हुने अपेक्षा लिएका छौँ', उहाँले भन्नुभयो।

पहिलो चरणमा मूर्ति अड्याउन स्तम्भ निर्माणका लागि नगरपालिकाले ठेक्का आह्वान गरेको थियो। नगरपालिकाले एक वर्षभित्र सम्पन्न गर्ने गरी गौरी पार्वती, देव एण्ड सयर/ऋषिशक्ति

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्राज्ञ सम्मानित, साहित्यकार कलाकारबीच देउसीभैलो

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक

पोखरा महानगरपालिका ५ नं. वडा कार्यालयद्वारा साहित्यकार कलाकारबीच परिचयात्मक शुभकामना कार्यक्रम मंगलबार सम्पन्न भएको छ।

पोखरा ५ निवासी लोकदोहोरी गायक जीवन दाहाललाई पोखरा प्रज्ञा प्रतिष्ठानको सदस्य हुनुभएकोमा वडाद्वारा दोसल्ला ओढाई सम्मान गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकालले साहित्यकार कलाकार समाजका सम्मानित व्यक्तित्व जसले परिवर्तन र समृद्धिका लागि ठूलो भूमिका खेलेको बताए।

कार्यक्रममा जनप्रतिनिधिहरु उज्वल खत्री, हरिमाया विक, अन्जु केसी, सम्मानित व्यक्तित्व जीवन दाहाल, कलाकार राम नेपाली, लेखक रविन्द्र माकाजु, कवि छवि सुवेदी, गायिका अम्बिका भण्डारी लगायतले बोल्नुभएको थियो।

वडा अध्यक्ष धन बहादुर नेपालीको अध्यक्षतामा भएको कार्यक्रममा साहित्यकार कलाकार हरुले आगामी दिनमा साहित्यकार कलाकारलाई केन्द्रित गरेर कार्यक्रम आयोजना गर्न सुझाव दिए। कार्यक्रममा गायक ढकालले देउसीभैलो भट्याएपछि सम्पूर्ण कलाकारहरुले नृत्य गर्नुभएको थियो।

## पुरानै लयमा फर्कंदै पर्वतीय सङ्ग्रहालय

पोखरापत्र संवाददाता
पोखरा, १६ कार्तिक

कोरोना महामारीका कारण लामो समयसम्म प्रभावित पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा पर्यटकीय चहलपहल बढ्दै गएको छ।

महामारी क्रमशः कम हुँदै गएको र सर्वसाधारणका लागि प्रवेश टिकट खुल्ला गरेपछि अध्ययन अवलोकन गर्ने पर्यटकको सङ्ख्यामा क्रमशः वृद्धि हुँदै गएसँगै पुरानैलयमा फर्कने सङ्केत मिलेको छ । विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस सङ्क्रमण रोकथामका लागि लामो समयदेखि बन्द सङ्ग्रहालय यही भदौ महिनाको २३ गतेदेखि खुल्ला गरिएको सङ्ग्रहालयका कार्यकारी निर्देशक निर्मलाकुमारी न्यौपानेले बताउनुभयो । नेपाल पर्वतारोहण सङ्घको ४८औँ स्थापना दिवसका अवसरमा सङ्ग्रहालयमा आयोजित कार्यक्रममा उहाँले भदौ महिनाको ९ दिनमा पाँच जना विदेशी, ५१ जना सार्क, ४५५ नेपाली, ७२ विद्यार्थी र ३७ जनाले गार्डेन गरी ६२० जना टिकट काटेर अवलोकन गर्दा ६४ हजार ९०० आम्दानी भएको जानकारी दिनुभयो।

त्यस्तै असोज महिनामा कूल १११ जना विदेशीले टिकट काट्दा ५५ हजार ५०० आम्दानी भएको बताउँदै उहाँले उक्त महिनामा कूल पाँच लाख २९ हजार ७६०



आम्दानी भएको राससलाई जानकारी दिनुभयो । कात्तिकको ११ गते एकै दिनमा २७ जना विदेशी पर्यटकले अवलोकनका लागि रु १३ हजार ५०० को टिकट काटेको बताउँदै निर्देशक न्यौपानेले यस महिनाको १४ गते आइतबारसम्म १२८ विदेशी, ३०५ सार्क, तीन हजार ३८५ नेपाली, एक हजार ५१४ विद्यार्थी र ५४ जनाले टिकट काट्दा १४ दिनको अवधिमा पाँच लाख ४६ हजार ७० रुपैया आम्दानी भएको जानकारी दिनुभयो।

"सङ्ग्रहालय सञ्चालनमा आएसँगै क्रमिक रूपमा स्वदेशी तथा विदेशी पर्यटकको सङ्ख्यामा वृद्धि हुँदै आएको छ", उहाँले भन्नुभयो, "यस्तै क्रममा टिकट बिक्री दर बढ्ने हो भने सङ्ग्रहालय पुनःपुरानो लयमा फर्कने सङ्केत देखिएको छ।" विश्वका ८ हजार भन्दा बढी मिटर उचाई भएका १४, ७ हजार ५०० देखि ७ हजार ९९९ सम्मका ४०, ६ हजारदेखि ६ हजार ९९९ सम्मका ६०३ सहित एक हजार ९१३ वटा हिमचुचुरामा हालसम्म भए गरेका गतिविधि र त्यस क्षेत्रमा बसोबास गर्ने हिमालीका बारेमा विस्तृत जानकारी लिन सकिने उहाँको भनाइ छ।

पोखरा महानगरपालिका-१७ रातोपैह्रामा नेपाल पर्वतारोहण सङ्घले खरिद गरेको एकसय रोपनी जग्गामध्ये साँढे ६ रोपनी क्षेत्रफल ओगटेको सङ्ग्रहालय भवनभित्र विभिन्न चार वटा कक्ष अन्तर्गत १२ उपकक्षमा हिमाल र तिनका गतिविधि प्रदर्शन गरिएको छ । यसमा विश्वको सर्वोच्च शिखर सगरमाथासहित ८ हजार भन्दा बढी उचाइका ८ वटा हिमाल नेपालमा पर्दछन्।

सङ्ग्रहालयको पर्वतीय मानव कक्षमा हिमालीको सामाजिक, सांस्कृतिक, धार्मिक एवं आर्थिक क्रियाकलाप झल्काउने सामग्री, विश्वका पर्वत शृङ्खलाको उत्पत्ति, भौगर्भिक महत्व, वन्यजन्तु, वनस्पति तथा खनिज पदार्थको प्रदर्शन गरिएको सङ्ग्रहायलय सञ्चालक समितिका सदस्य हरिप्रसाद लामिछानेले जानकारी दिनुभयो।

उहाँका अनुसार सो कक्षमा विश्वका पर्वत शृङ्खलामा हुने पर्वतारोहण, पदयात्रा, स्कीइङ, शिकार, अनुसन्धान जस्ता मानवीय गतिविधिका महत्वपूर्ण एवं ऐतिहासिक पक्षको प्रदर्शनी गरिएको छ।

विश्वका हिमाल र हिमाली क्षेत्रकोबारेमा अनुसन्धान गर्ने अध्येता, अन्वेषकका लागि उपयुक्त थलोको रूपमा लिइएको सङ्ग्रहालय परिसरमा निर्माण गरिएको मनास्लु हिमालको नमूना र प्रवेशद्धार अगाडि निर्मित पहँलो धातु ढलोटबाट निर्मित याकको मूर्ति अवलोकनकर्ताको लागि थप आकर्षण बनेको छ जुन अहिले टिकटक बनाउने, फोटो खिच्नेको बाक्लै सहभागिता देखिने गरेको छ। कोरोनाको कारण बन्द भएको अवस्थामा सङ्ग्रहालयको कम्पाउण्डवाल, गार्ड घर तथा बोटानिकल गार्डेन निर्माण गरिएको छ । उक्त निर्माणका लागि रु दुई करोड भन्दा बढी खर्च भएको सङ्ग्रहालय सञ्चालक समितिका सदस्य रञ्जितकारले जानकारी दिनुभयो।

बाँकी अन्तिम पृष्ठमा ▶▶



# वालिङ ११ मा काँग्रेसको वडा कार्यालय उद्घाटन

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, १६ कार्तिक**

नेपाली काँग्रेस वालिङ ११ ले वडा कार्यालयको उद्घाटन तथा शुभ दिपावली, छठ्, इद् तथा ल्होसार पर्वको उपलक्ष्यमा शुभकामना आदनप्रदान कार्यक्रम सम्पन्न गरेको छ।

नेपाली काँग्रेस वालिङ ११ वडा समितिको आयोजनामा कार्यालयको उद्घाटन र शुभकामना आदानप्रदान कार्यक्रम भएको हो। १४ औं महाधिवेसन पछि बनेको नयाँ समितिले वडा कार्यालय स्थापना गरी मंगलवार उद्घाटन कार्यक्रमको आयोजना गरेको थियो। वडा कार्यालयको नेपाली काँग्रेस वालिङ नगर समितिका सभापति नेत्रप्रसाद पाण्डेले उद्घाटन गरेर शुभारम्भ गरेका छन्। वडा कार्यालयको उद्घाटन गर्दै नगर सभापति पाण्डेले विकास र सांगठानिक गतिविधि संगसंगै लैजानुपर्ने बताए । विगतका समयमा पार्टी नेतृत्व र जनप्रतिनिधिको तालमेल नहुँदा विकास र सांगठानिक गतिविधि कमजोर रहेको नजिर व्यक्त गर्दै सभापति पाण्डेले अब विकास र संगठन मजबुद बनाउन सबै नेता तथा कार्यकर्तालाई आग्रह गरे । पार्टीका हरेक गतिविधि र सांगठानिक क्रियाकलापमा वडा कार्यालयको भुमिका महत्वपूर्ण हुने भएकाले वडा समितिले कार्यालयबाट पार्टीको सबै गतिविधि संचालन गर्न सहज हुने सभापति पाण्डेले बताए।

सभापति पाण्डेले गुट रहित अवका अधिवेसन सम्पन्न हुनेमा विश्वास व्यक्त गर्दै सबै वडा सभापति तथा क्षेत्रीय प्रतिनिधिहरुलाई नगर अधिवेसनमा सहभागी जनाएकोमा धन्यावाद र आभार व्यक्त गरे। वडा सभापति टिकाराम पराजुलीको सभापत्विमा सम्पन्न भएको कार्यक्तमको संचालन सचिव सुरेश अर्याल र स्वागत उपसभापति विमल अर्यालले गरेका थिए । वडा कार्यालय उदघाटन तथा शुभकामना आदानप्रदान कार्याक्रममा नेपाली काँग्रेसका महासमिति सदस्य भोजराज अर्याल, छायाराम खनाल, सरस्वती तिवारी, महाधिवेसन प्रतिनिधि कल्पना तिवारी, गुरुप्रसाद भट्टराई, वालिङ नगरका निर्वतमान सभापति दिलिपप्रताप खाँण लगायतका अग्रज नेताहरुको सहभागिता रहेको वडा सचिव सुरेश अर्यालले जानकारी दिए । सो कार्यक्रममा नगर सभापति पाण्डेले नगर समितिको तर्फबाट वडा समितिलाई विपीको तस्विर नेपाली काँग्रेसको झण्डा उपहार दिएका थिए।

# नेकपा एमाले पोखरा २० का नयाँ कमिटिद्धारा सपथ ग्रहण

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ कार्तिक**

नेकपा एमाले पोखरा महानगरपालिका वडा नम्बर २० का नया निर्वाचित कार्यसमितिको पद तथा गोपनियताको सपथ ग्रहण कार्यक्रम सम्पन्न भएको छ।

हालै सम्पन्न अधिवेशनबाट निर्वाचित पदाधिकारी सहित सदस्यहरुले पद तथा गोपनियताको सपथ ग्रहण गरेका हुन । निर्वाचन मण्डलको संयोजक मनवुजा बिकले नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई पद तथा गोपनियताको सपथ ग्रहण गराएकी थिइन । उक्त कार्यक्रमका प्रमुख अतिथी नेकपा एमाले कास्कीका सचिव दामोदर बैरागीले नवनिर्वाचित पदाधिकारीहरुले आफ्नो आचरण र व्यवहारलाई ख्याल गरी पार्टीमा लगनशील भएर लाग्न आग्रह गरे । नेकपा एमालेका जनप्रतिनिधीहरुले राम्रो काम गरिरहेको र आगामी दिनमा पनि जनप्रतिनिधी संगै कार्यकर्ताहरु पनि जनताको सेवक बन्दै पार्टीलाई बलियो बनाउने तर्फ लाग्नुपर्नेमा जोड दिए। सो अवसरमा बोल्दै पोखरा महानगरपालिका वडा नम्बर २० का अध्यक्ष सीम गुरुङले आफ्नो पदको सपथ खादै गर्दा संगठनलाई मजवुद बनाएर अगाडि वढ्न नया कार्यसमितिलाई आग्रह गरे।



पदको लागी भन्दापनि पदलाई जिम्मेवारीपूर्व लिएर काम गर्नुपर्ने उनको भनाइ रहेको थियो। त्यस्तै नवनिर्वाचित अध्यक्ष त्रिलोचन गौतमले अहिलेको अवस्थालाई मध्येनजर गर्दै पार्टीलाई अझ मजबुद बनाएर पार्टीले आगामी चुनावमा जित्ने गरी अगाडि वढ्ने प्रतिवद्धता ब्यक्त गरे। उक्त कार्यक्रमको सञ्चालन निर्वाचन मण्डलको सदस्य माधव पौडेलले गरेका थिए । हालै सम्पन्न वडा अधिवेशनले वडाको अध्यक्षमा त्रिलोचन गौतम, उपाध्यक्षमा उत्तम गुरुङ, सचिवमा प्रकाश गुरुङ, उपसचिवमा लिलाराज पौडेल र रविवहादुर लामिछाने लाई सर्वसम्मत रुपमा चयन गरेको हो। त्यसैगरी सदस्यहरुमा मन बहादुर क्षेत्री, अप्सरा बिक, सुनिल आचार्य, रुपा नेपाली, नवराज बास्तोला, इश्वर सुवेदी, अन्जिता बास्तोला, चित्र बहादुर क्षेत्री, विष्णु प्रसाद पौडेल, गणेश पौडेल, कृष्ण बहादुर कार्की, कृष्ण प्रसाद बास्तोला, केशवराज सुवेदी, मीना पौडेल, देव कुमारी बास्तोला, गीता बास्तोला, भोजराज सुवेदी रहेका छनभने वडा कमिटीमा ५१ सदस्य रहने गरी बैठकले बांकी सदस्यहरु मनोनित गरिने वडा सचिव प्रकाश गुरुङले जानकारी दिए।

# पुरानै ...

यसै गरी नेपाल पर्वतारोहण संघको ४८औं स्थापना दिवसका अवसरमा अन्तर र्ष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखरामा विभिन्न कार्यक्रमको आयोजना गरियो। सङ्घका केन्द्रीय सल्लाहकार हरिध्वज तुलाचनले झण्डोत्तोलन गरेर कार्यक्रमको शुभारम्भ गर्दै हिमाल र हिमालीका बारेमा एउटै थलोबाट सम्पूर्ण जानकारी लिन सकिने सङ्ग्रहालय पर्यटकीय नगरी पोखराको गहना भएको बताउनुभयो। उहाँले यसको विकाससँगै प्रचारप्रसारमा पोखेलीले महत्वपूर्णभूमिकाखेल्नुपर्नेआवश्यकता औंल्याउनुभयो। नेपाल पर्वतारोहण सङ्घ अन्नपूर्ण शाखाका गण्डकी प्रदेश अध्यक्ष शेषकान्त शर्माले हिमाल आरोहण गतिविधिमा संलग्न महानुभावको सक्रियतामा झण्डै पाँच दशकअघि स्थापना भएको सङ्घद्वारा निर्माण गरी सञ्चालन गरिएको पर्वतीय सङ्ग्रहालय एशियामै पहिलो भएको दावी गर्नुभयो।

सो अवसरमा सङ्ग्रहालय परिसरमा निर्मित खड्गविक्रम शाह, डा हर्क गुरुङ र सङ्घका पूर्वअध्यक्ष दावानोर्वु शेर्पाको अर्धकदको शालिकमा माल्यार्पण गरिएको थियो।

# देउसी भैलो तथा एकल नृत्य प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ कार्तिक**

स्थापनादेखिनै समाजमा विभिन्न खालका सामाजिक कार्यहरु गर्दै आईरहेको भरतपोखरी विकास मञ्चको आयोजनामा आउँदो बिहीबार दिपावलीको शुभ अवसरमा चौथो खुल्ला देउसीभैलो प्रतियोगिता, स्रस्टा सम्मान एवं विविध साँस्कृतिक कार्यक्रम तथा एकल नृत्य २०७८ हुने भएको छ।

उक्त प्रतियोगिता सम्पन्न गर्न आवश्यक तयारी पुरा भइसकेको संस्था संस्थापक अध्यक्ष डिल्लीराम बरालले जानकारी दिए।

समाजमा विद्यमान विकृति, विसंगतिलाई अन्त्य गरी सभ्य समाज निर्माणको साथै आफ्नो पराम्परागत संस्कृतिलाई बचाइ राख्ने उद्देश्यले उक्त प्रतियोगिता आयोजना गरिएको उनले बताए।

उक्त प्रतियोगितामाविभिन्न संघ/संस्था, टोल विकास संस्था, आमासमूह,युवाक्लब,विद्यालयबाट सहभागिता जनाइसकेको र अझै थप समूहहरुले सहभागिता जनाउने मञ्चका महासचिव गणेश प्रसाद ढकालले जानकारी दिए । प्रतियोगिता अवलोकन गर्नको पोखरेली जनसमुदायलाई आमन्त्रित गरिएको उनले बताए।

देउसी भैलो प्रतियोगितामा प्रथम हुने समूहलाई रु. २० हजार, दोश्रोलाई रु. १५ हजार, तेश्रोलाई रु. १० हजार, सान्त्वनालाई रु. ५ हजार प्रदान गरिने अध्यक्ष बरालले जानकारी दिए।

साथै उत्कृष्ट नृत्यलाई रु. ५ हजार, उत्कृष्ट भेषभुषालाई रु. ५ हजार र उत्कृष्ट बाद्बाधनलाई रु. ५ हजार प्रदान गरिने उनले जानकारी दिए।

# ४६९ संक्रमित थपिए

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ कार्तिक**

पछिल्लो २४ घण्टामा नेपालमा कोरोना भाइरसका ४६९ जना सङ्क्रमित थपिएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मंगलबार सार्वजनिक गरेको बुलेटिनमा १० हजार २८७ मा कोरोना परीक्षण गर्दा ४६९ सङ्क्रमित थपिएका हुन्। सोमबार ५३३ जनामा सङ्क्रमण देखिएको थियो। देशभर सक्रिय सङ्क्रमित नौ हजार १७४ रहेका छन् । नेपालमा सङ्क्रमण दर १८.३ प्रतिशत पुगेको छ।

पाँच सयभन्दा बढी सङक्रमित भएका जिल्ला काठमाडौँ, ललितपुर र भक्तपुर तथा २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला १० रहेका छन्। यसैगरी मंगलबार कोरोना सङ्क्रमणबाट ११ जनाको निधन भएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ४२७ को निधन भएको छ।

# मेगा बैंक नेपाल लिमिटेड र महिला उद्यमी संघ कास्की विच सम्झौता

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ कार्तिक**



मेगा बैंक नेपाल लिमिटेडले महिलाद्वारा सञ्चालित लघु, घरेलुका साथै साना तथा मझौला उद्यम व्यवसायहरुलाई प्रवर्द्धन गर्ने उद्देश्यले महिला उद्यमी संघ नेपाल कास्कीसँग कर्जा लगानी सम्बन्धी सम्झौता गरेको छ।

सम्झौतापत्रमा बैंककी प्रमुख कार्यकारी अधिकृत (सिइओ) अनुपमा खुञ्जेली र महिला उद्यमी संघ नेपाल, कास्कीका अध्यक्ष पार्वती कुमारी पौडेल रेग्मीले हस्ताक्षर गरिन् । सम्झौता पश्चात् मेगा बैंकले संघसँग आवद्ध उद्यमी महिलाहरुलाई आफ्नो व्यवसाय विस्तार गर्नको लागि साना तथा मझौला कर्जा एवम् नेपाल राष्ट्र बैंकको सहुलियतपूर्ण ब्याज अनुदान कर्जा निर्देशिका र बैंकको सहुलियतपूर्ण ब्याज अनुदान कर्जा कार्यविधिको अधिनमा रही न्युनतम ब्याजदरमा सहुलियतपूर्ण कर्जा प्रदान गर्नेछ। मेगा बैंककी प्रमुख कार्यकारी अधिकृत खुञ्जेलीले महिला उद्यमीहरुलाई सहुलियतपूर्ण छिटो छरितो ढंगले कर्जा प्रदान गरिने बताइन्।

महिला उद्यमीहरुलाई साना तथा मझौला उद्यमी कर्जाका साथै मेगा सरल कर्जा, लघु, घरेलु तथा साना उद्योग कर्जा र सवारी साधन तथा घर निर्माण कर्जामा पनि प्राथमिकता दिइने साथै अन्य कारोबारहरू विभिन्न बचत योजना हरु बचत खाता कर्पोरेट खाता मोबाईल बेंकिंग, डेबिट क्रेडिट कार्ड , क्यु आर कोड जस्ता सेवाहरु प्राथमिकताका साथ उपलब्ध गराइने उनले बताइन्।

संघकी अध्यक्ष रेग्मीले बेंक र उधमी एक अर्कामा परिपुरक हुने भन्दै मेगा बैंकले महिला उद्यमशील कर्जालाई प्राथमिकताका साथ प्रवाह गर्दै आएकोले बैंकसँग सहकार्य गरेको बताइन् साथै सम्झौता पश्चात आगामी दिनमा महिला उधमशिलतामा उल्लेख्य विकास हुने विचार पनि व्यक्त गरिन।

मेगा बैंक र महिला उधमी संघ कास्कीको सहकार्यमा कर्जाका साथ साथै महिला उद्यमीहरुलाई वित्तीय साक्षरता कार्यक्रम पनि संचालन हुदै आईरहेको छ।

# धार्मिक ...

जेभीसँग सम्झौता गरेको छ । मूर्ति निर्माणका लागि व्यास नगरपालिकाको प्रस्तावमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले साझेदारी गरेको छ । त्यसका लागि मन्त्रालयले रु चार करोड ५५ लाख बजेट उपलब्ध गराएको छ।

गण्डकी प्रदेशको पर्यटन मन्त्रालयमार्फत पनि कोषलाई चालु आर्थिक वर्षमा रु ३० लाख बजेट प्राप्त भएको थियो । उक्त रकमबाट पूर्वतर्फको प्रवेशद्वार र देउरालीनगरतर्फबाट आउने बाटो निर्माणको काम गरिनेछ । मन्त्रालयबाटै गत वर्ष प्राप्त रु दश लाखको लागतमा मुख्य प्रवेशद्वारको केही काम गरिएको छ।

व्यासमूर्ति सहितका संरचना निर्माणका लागि रु ७१ करोड दुई लाख दश हजार ८८९ रकम आवश्यक पर्दछ । विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार मूर्ति र पेडेस्टल (स्तम्भ) निर्माणका लागि मात्रै रु ३४ करोड १६ लाख ७६ हजार ९ सय ९३ लाग्ने अनुमान गरिएको छ । व्यासको मूर्ति निर्माणको थालनी विसं २०६८ देखि भएको थियो । मूर्ति निर्माणका लागि रकम सङ्कलन गर्न सो बेला आयोजना गरिएको महायज्ञबाट करिब रु ७० लाख सङ्कलन भएको थियो।

उक्त रकममध्ये रु दश लाखको लागतमा नमूना मूर्ति निर्माण गरिएको छ, जुन व्यास नगरपालिकाको हाताभित्र राखिएको छ। व्यासमूर्ति निर्माणका ३० हजार किलो तामा आवश्यक पर्ने अनुमान छ। पेडेस्टल (स्तम्भ) भित्र सङ्ग्रहालय, पुस्तकालय हल प्रस्ताव गरिएको छ।

गुरुयोजनाअनुसार व्यासको मूर्तिका अलवा प्रवेशद्वार, पार्किङ, टिकट काउण्टर, गार्ड घर, कोसेली घर, बिक्री कक्ष, धर्मशाला, प्रवचन हल, योग हल, समितिको सचिवालय बैठक कक्ष, सङ्ग्रहालय, वृत्तचित्र हल, व्यास पुस्तकालय, शौचालय, बगैंचाको साथ विश्राम घर, तलाउसहितको मत्स्यगन्धा पार्क, चमेनागृह, पुजारी घर, २७ वटा साना व्यासका मूर्ति, व्यासका अनुयायीको पाँच साना प्रतिमा र गणेश बसेर वेद लेखेको सानो मूर्ति प्रस्ताव गरिएको छ। यी सबै संरचना निर्माणका लागि ६० रोपनी क्षेत्रफल जग्गा आवश्यक पर्दछ।

करिब पाँच हजार ५०० वर्ष अगाडि व्यासको यस क्षेत्रमा अवतरण भएको धार्मिक विश्वास छ । व्यास ऋषिको जन्म बारेको प्रसङ्गमा दमौलीदेखि आठ किमी पूर्वछाब्दीबाराहको मन्दिरदेखि करिब ५० मिटर पश्चिमपट्टिको कुण्डमा व्यासकी माता सत्यवतीको जन्मभएको थियो, माछाको रूपबाट जन्म भएकीले त्यस कुण्डको नाम मच्छे कुण्ड रहन आएको हो भनिन्छ।


## चाडबाडको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं ।
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाह्रो हुने भएकाले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## हाम्रो विशेष अनुरोध सहित सूचना



भद्रकाली मन्दिर

यस धार्मिक क्षेत्र श्री गणेश तथा मद्रकाली मन्दिर सेवा समिति कुँडहर पोखरा-१२/१३ कास्कीको १८ औं साधारण सभा तथा ९ औं अधिवेशन यही मिति २०७८ मंसिर ४ गते शनिबारका दिन पूर्वान्ह १०:३० बजे माथि मन्दिर परिसरमा नै गरिने भएको हुँदा सम्पूर्ण आजिवन तथा साधारण सदस्य ज्यूहरुलाई पूर्व जानकारी हेतु यो सूचना प्रकाशित गरिएको व्यहोरा हार्दिक अनुरोध गर्दछौं।

**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति**
**कुँडहर पोखरा-१२/१३**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ।

– स्वटेमार्डन

## सम्पादकीय

# घातक छ वाकयुद्ध

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबी वाक युद्ध चलेको छ।प्रचण्डको निर्वाचन क्षेत्रमा ओलीले आफ्नो उपस्थिति देखाएपछि अवस्थाले गर्दा वाकयुद्ध शुरु भएको छ। तीनवटै निर्वाचनको चर्चा शुरु हुन थाल्ने बित्तिकै शुरु अएकाले अयोध्या धामले दुई ध्रुव बनाएको छ। ओलीले माडीलाई कुरुक्षेत्र बनाउने सपना नदेख्न माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई चेतावनी दिएका छन्। द्वन्द्वकालमा जस्तो ठानेर कुरुक्षेत्रको सपना देखेको भए आफैँ सकिएर जाने ओलीको चेतावनी छ।

इतिहासमा युद्ध चाहनेहरु सधैं पराजित भएको उदाहरण दिँदै उनले बैंसको सपना नदेख्न भने। दाहालकै निर्वाचन क्षेत्रमा पुगेर एमाले अध्यक्ष ओलीले रामको जन्मभूमि तोकेपछि प्रचण्ड अत्तालिएको उनको भनाइ छ। 'कता जाने थाहा छैन। के गर्ने थाहा छैन। देशको लागि चिन्ता छैन अनि कुरुक्षेत्र चाहीं किन बनाउने रे ? उहिलेको बैंस सम्झेर अलिहे कुरुक्षेत्रको कुरा गरेर हुन्छ ?', ओलीले भने, 'एउटा बसमा बम पड्काइदिने सोचेर कुरुक्षेत्र बनाउने भनेको होला। अब कुरुक्षेत्र होइन धर्मक्षेत्र हुन्छ यहाँ।'

ओलीले बिनातथ्य रामको जन्मभूमि माडीमा रहेको भन्दै आफ्नो राजनितिक अस्थित्व सक्न लागि परेको आरोप लगाएका थिए। त्यसो गरे आफ्नो निर्वाचन क्षेत्रमा राजनैतिक कुरुक्षेत्र हुने बातएका थिए। त्यसैको जवाफ दिँदै ओलीले कुरुक्षेत्र होइन विकासेको गतिले धर्मक्षेत्र हुने बताए। ओलीले साढे तीन वर्षअघि चुनावी सभामा सम्बोधन गर्दा प्रचण्डसँग मिलेर माडीलाई मणि बनाउने उद्घोष गरेका थिए। दाहालसँगको दुरी बढेपछि ओलीले चुनावको बेला आफूले जमानी बसेर जिताएको प्रचण्ड आफैँ फुत्किएको भन्दै विकास नभएको बताए। प्रचण्डको निर्वाचन क्षेत्रमा रहेको राम मन्दिरमा पुगेर अध्यक्ष ओलीले जिम्मा लिएको प्रचण्ड आफैँ फुत्किएको बताए।

प्रचण्डको निर्वाचन क्षेत्रको विकासको जिम्मा आफूले लिने उनले बताए। 'चुनावको बेला म आफैँ जमानी बसेर भोट मागेको उही फुत्किएपछि के गर्नु', ओलीले भने, 'अब यस ठाउँको जिम्मा म आफैँ लिन्छु, अर्काको जिम्मामा छोड्दिनँ।' माडीमा राममन्दिर स्थापनाले प्रचण्ड आफ्नो राजनैतिक भविष्य धरापमा परेपछि अत्तालिएको आरोप लगाए। अबको निर्वाचनपछि एमालेको सरकार बन्ने दावी गर्दै त्यो सरकार कसैले ढाल्न नसक्ने उनको भनाइ छ। सबै मिलेर पनि तीन वर्ष लगाएर सरकार ढालेको बताउँदै उनले अब बन्ने एमालेको सरकार कसैले पनि ढाल्न नसक्ने बताए।

चितवनको माडीमा रहेको राम मन्दिरमा पुगेर ओलीले अहिलेको सरकारबाट विकासको आश नगर्न आग्रह गरेका छन्। 'अब सवा वर्ष विकासको आशा नगर्नुस् किनकि यो सरकार छ', उनले भने, 'पहिला नौ महिनामा ढाले। अहिले सबै मिल्दा पनि साढे तीन वर्ष लाग्यो सरकार ढाल्न। अब बनेपछि ढाल्छु भन्ने कसैले नचिताए हुन्छ।' विकासको लागि माडीमा आएर जिम्मा लिँदा पनि काम गर्न नसकेको भन्दै अब आफैँले विकास गर्ने बताए। माडीलाई मणि बनाउने काम पूरा नभएको भन्दै उनले राम मन्दिरकै कारण विकास हुने दावी गरे। 'विश्व कल्याणको लागि गरिएको काम बिथोल्न खोज्ने दानवलाई राम लक्ष्मणले ठेगान लगाएको शास्त्रमा प्रमाण छ।

# साहसिक खेलप्रेमीको रोजाइमा 'क्यानोनिङ'

– जमुना वर्षा शर्मा

पोखरा, १६ कार्तिक

पोखरामा आन्तरिक पर्यटकको चहलपहल बढेसँगै क्यानोनिङ गर्ने आन्तरिक पर्यटकको सङ्ख्या पनि बढ्न थालेको छ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका-९ मा रहेको झरनामा क्यानोनिङ गर्ने बढ्न थालेको सञ्चालक राम गुरुङले जानकारी दिनुभयो। "दसैं-तिहारको बिदामा पोखरा घुम्न आउने साहसिक खेलप्रेमी पर्यटकले क्यानोनिङप्रति राम्रो रुचि देखाउनु भएको छ, अहिले दैनिकजसो १५/२० जना आउनुहुन्छ", उहाँले लामो समय कोरोनाका कारण बन्द रहेको क्यानोनिङ सञ्चालनमा आएसँगै खेलको मज्जा लिनेको सङ्ख्या पनि बढ्दै गएको बताउनुभयो।

कोरोनाका कारण एउटै दिनचर्यामा समय व्यतित गरिरहेका अधिकांशले क्यानोनिङ गर्दा आनन्द अनुभव गरेर फर्कने गरेको सञ्चालक गुरुङले सुनाउनुभयो। क्यानोनिङ चट्टानको पहारामा डोरीको सहायताले 'वेट सुट' लगाएर पानीको छहरा छाँगाबाट चिप्लिँदै, हाम फाल्दै झर्ने एक प्रकारको साहसिक खेल हो। दसैं-तिहारको समयमा क्यानोनिङका लागि आफ्ना साथीहरूसहित कुदी छहरा पुग्नुभएकी पोखराकी दीपा पौडेलले प्राकृतिक छहरामा रमाउन पाउँदा डरभित्र नै आनन्दको महसुस गरेको अनुभव सुनाउनुभयो। "सुरुमा त पानीको छहराको दवाब, अनि चट्टानमा खुट्टा चिप्लिँदा डर पनि लाग्यो, बिस्तारै गाइडहरूले भने जस्तै डोरीको सहायताले झर्दै जाँदा भने निकै आनन्द अनुभूति भयो।" उहाँले क्यानोनिङपश्चात् मानसिक र शारीरिक स्फुर्ति पाएको अनुभव सुनाउनुभयो। पौडेलले साहसिक खेल भएकाले आफूभित्रको डरलाई हटाएर आत्मविश्वास जगाउन पनि यस्ता गतिविधि महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो। उहाँसँगै क्यानोनिङ गर्नुभएकी पोखराकी सौन्दयकर्मी रचना अधिकारीले पनि पहिलोपटक क्यानोनिङ गर्दा निकै आनन्द र रमाइलो अनुभव गरेको सुनाउनुभयो।

"मलाई प्राकृतिक कुरामा रमाउन निकै मन पर्छ, यो ठाउँ पनि निकै शान्त रहेछ। चराचुरुङ्गीको चिरबिर आवाजसँगै कलकल बगेको छहरामा डोरीको सहायताले झुण्डिएर पानीमा भिज्नुको मज्जा नै बेग्लै, मलाई निकै आनन्द लाग्यो।" अधिकारीले पनि आफूभित्रको डर हटाउन र मानसिक स्फुर्तिका लागि क्यानोनिङ गर्दा राम्रो हुने विश्वास व्यक्त गर्नुभयो।

सञ्चालक गुरुङका अनुसार पहिलोपटक क्यानोनिङ गर्न चाहनेहरूका लागि प्रारम्भिक रूपमा डेमो देखाउने, सिकाउने मानसिक रूपमा तयार गर्ने व्यवस्था गरिएको छ। त्यसका लागि गाइडहरूले नै सबै परामर्शसहित डेमो देखाउँछन्। आकस्मिक उद्धारका लागि पनि गाइडहरू तैनाथ रहन्छ। एक पटकमा १४ जनाका लागि क्यानोनिङ गर्ने उपकरणहरू उपलब्ध रहेको गुरुङले बताउनुभयो।

उहाँले भन्नुभयो, "हामीसँग एकचोटिमा १४ जनालाई पुग्ने आवश्यक सामग्री मात्र छ। क्यानोनिङ गर्दा चिप्लिने, हामफाल्ने, पौडिने र झर्ने जस्ता गतिविधि हुने भएकाले यो जोखिमपूर्ण पनि मानिन्छ।" उहाँले साहसिक खेलका लागि क्यानोनरलाई हेलमेट, हार्नेस, वेटसुट, डोरी, जुत्ता लगायनका सामग्रीको प्रबन्ध गरिने बताउनुभयो। पछिल्लो समय शनिबार र बिदाको दिन क्यानोनिङ र छहरा हेर्न आउनेको सङ्ख्या पनि निकै बढेको उहाँको भनाइ छ। कुदी छहरामा क्यानोनिङका लागि दुईवटा ७५ र ४५ मिटर अग्ला सुन्दर झरना छन्। झरनाको सुन्दर दृश्य हेर्ने र टिकटक बनाउनेहरू त्यहाँ पुग्ने गरेका छन्। पोखरामा क्यानोनिङ सन् २०१४ बाट सञ्चालनमा आएको हो। पोखराको हरिचोकबाट करिब २२ किलोमिटरको दूरीमा रहेको ल्वाङघलेल गाउँको मुनि कुदी छहरा रहेको छ। क्यानोनिङका लागि तीन तहका प्याकेज छन्, क्यानोनिङ मात्र, 'डे ट्रिप' र 'ओभर नाइट ट्रिप' गरेर रु दुई हजार ४०० देखि रु चार हजार ९०० सम्म शुल्क तोकिएको छ। साहसिक खेलमा रुचि राख्ने जो शारीरिक र मानसिक रूपमा तयार छन् उनीहरूलाई 'बिगीनर' र 'प्रोफेसनल' गरेर छुट्याइन्छ र झरनामा रम्ने वातावरण तयार गरिन्छ।

# कालिका मन्दिर र रंग महल पुनर्निर्माण

रासस

गोरखा, १६ कार्तिक

भूकम्पले क्षति पुऱ्याएको ६ वर्षपछि बल्ल गोरखाको ऐतिहासिक तथा प्रसिद्ध धार्मिकस्थल कालिका मन्दिर र रङ्ग महल पुनर्निर्माण गर्न थालिएको छ।

विसं २०७२ वैशाख १२ गतेका भूकम्पले क्षति पुऱ्याएको कालिका मन्दिर र रङ्ग महल रेक्टोफिटिङ गरी मर्मत गर्न थालिएको गोरखा दरबार हेरचाह अड्डाका प्रमुख हरिप्रसाद भुसाले जानकारी दिनुभयो।

"ठेकेदारसँग सम्झौता भएर कालिका मन्दिरमा ट्रष्ट छाउने काम पनि लगभग सकिएको छ", उहाँले भन्नुभयो, "मन्दिरको माथिल्लो तला पूरै भत्काउने काम अब अघि बढ्छ।" प्रमुख भुसालले भूकम्पले क्षति पुऱ्याएको मन्दिर र रङ्ग महल यसअघि पूरै भत्काएर पुरानै संरचनामा निर्माण गर्ने भनिए पनि पछि रेक्टोफिटिङ गरेर नै पुरानै अवस्थामा फर्काउन सकिने भएपछि राष्ट्रिय पुरातत्व विभागले रेक्टोफिटिङका लागि ठेक्का लगाएको बताउनुभयो। मन्दिर र रङ्ग महल निर्माणका लागि करिब रू एक करोड ९५ लाख ६५ हजारमा धर्म/एसआरआर जेभीसँग ठेक्का सम्झौता भएको उहाँले जानकारी दिनुभयो। "आउँदो असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने गरी ठेकेदार कम्पनीसँग सम्झौता भएको हो", प्रमुख भुसालले भन्नुभयो, "रेक्टोफिटिङ गरी मर्मत गरिने भएपछि छिटो निर्माण हुन्छ।"

"भूकम्पले दरबारको माथिल्लो तला भत्काउनै पर्ने भए पनि अरू संरचनामा त्यति ठूलो क्षति नपुगेको हुँदा रेक्टोफिटिङ गरी मर्मत गर्न लागिएको हो। कालिका मन्दिरको शीतल पाटीभन्दा अगाडीको भाग थोरै दबिएको छ", उहाँले भन्नुभयो, मन्दिरमा बोका बलि दिने गरिएको ठाउँमा खासै क्षति पुगेको छैन, सबै पुनर्निर्माण गर्दा ढिलो र अफ्ठ्यारो होला भन्ने लागेर अगाडिको भागलाई नभत्काउने गरी रेक्टोफिटिङ गर्न लागिएको हो।"

# कर सङ्कलन ३३ प्रतिशत बढी

पोखरापत्र संवाददाता

बागलुङ, १६ कार्तिक

आन्तरिक राजस्व कार्यालय बागलुङले आफ्नो लक्ष्य भन्दा बढी राजस्व सङ्कलन गर्न थालेको छ।

कोरोना महामारी र निषेधाज्ञा नभएपछि बढेको व्यावसायिक क्रियाकलाप र सहज आउजाउको अवस्थाले राजस्व सङ्कलन सहज भएको राजस्व अधिकृत महेन्द्र नेपालले बताउनुभयो।

"धेरै जनामा आफ्नो कर समयमै तिर्नुपर्छ भन्ने मान्यताको विकास भएको छ", नेपालले भन्नुभयो, "बाध्यात्मक अवस्था बाहेक कर समयमै उठ्ने गरेको छ।" करदाता सेवा कार्यालयबाट स्तरोन्नति भएर आन्तरिक राजस्व कार्यालय बनेपछि बागलुङमा करदाता बढ्नुको साथै करको दायरा पनि फराकिलो बन्दै गएको छ।

कार्यालयले गत असोज महिनामा मात्रै एक करोड ७० लाख आयकर सङ्कलन गर्ने लक्ष्य राखेको थियो। तर उक्त महिनामा तीन करोड ६८ लाख आयकर सङ्कलन भएको नेपालले जानकारी दिनुभयो। असोज महिनासम्म रु पाँच करोड ८३ लाख आयकर सङ्कलन गर्ने लक्ष्यमा १९९ प्रतिशत प्रगति गरेर ११ करोड ६१ लाख कर सङ्कलन गर्न सफल भएको हो। त्यस्तै घरबहाल कर तर्फ भने कर सङ्कलनमा कमी भएको छ। रु १४ लाख सङ्कलन गर्ने भनिएकोमा असोजमा तीन लाख ६५ हजार मात्रै सङ्कलन भएको छ। असोज मसान्तसम्ममा रु पाँच करोड ८६ लाख सङ्कलन गर्ने भनिएकोमा पनि सो पूरा नभइ तीन करोड नौ लाख मात्रै कर सङ्कलन भएको छ। भ्याटतर्फ २६ करोड सङ्कलन गर्ने भनिएकोमा ५६ प्रतिशत मात्रै पूरा भएको थियो।

त्यसमा रु १४ करोड ९६ लाख मात्रै सङ्कलन भएको हो। असोज मसान्तसम्ममा भने लक्ष्य पूरा भएको छ। नौ करोड ३ लाख सङ्कलन गर्नेमा ९४ करोड ९१ लाख सङ्कलन गरेर १०५ प्रतिशत प्रगति गरेको नेपालले बताउनुभयो। त्यसबाहेक कार्यालयले अन्तशुल्क, शिक्षा तथा स्वास्थ्य करलगायत पनि सङ्कलन गर्ने गरेको छ।

बागलुङमा भने चालू वर्ष शिक्षा स्वास्थ्य कर सङ्कलन भएको छैन। अन्तशुल्क तर्फ रु दुई करोड ६५ लाख लक्ष्य रहेको असोजमा तीन करोड ६६ लाख र असोज मसान्तसम्ममा रु आठ करोड ३८ लाखको लक्ष्यमा १८० प्रतिशत प्रगति गरेर रु १५ करोड १ लाख कर सङ्कलन भएको छ। सबै शीर्षकमा गरी असोज मसान्तसम्ममा १९ करोड २५ लाख कर सङ्कलन गर्ने लक्ष्यमा कार्यालयले १३३ प्रतिशत प्रगती गरेर २५ करोड ७१ लाख ६५ हजार कर सङ्कलन गर्न सफल भएको हो। पोखरा पुगेर कर तिर्नुपर्ने बाध्यता हटेपछि मात्रै बागलुङसहित पर्वत र म्याग्दीमा करदाता बढ्दै गएका छन्। करदाताले स्वयं कर घोषणा गर्ने, कर तिर्ने र आफ्नो सम्पत्तिको विवरण चुस्त बनाएर राख्ने क्रम पनि सुरु भएको छ। अहिले बागलुङ कार्यालयमार्फत १७ हजार बढीले कर तिर्ने गरेका छन्। केही समयअघि कार्यालयले पर्वतमा पनि करदाता सेवा कार्यालय स्थापना गरेको छ। उक्त कार्यालयमार्फत पर्वतका कारदाताले कर तिर्ने गरेका छन्। सीमित जनशक्ती भए पनि करदाताले आफ्नो कर्तव्य सम्झेर कर तिर्ने लहर चल्न थालेपछि भने कार्यालयले हरेक वर्ष लक्ष्य भन्दा बढी कर सङ्कलन गरेर प्रगतिसमेत देखाउन थालेको छ। पछिल्लो समय कार्यालयबाट प्यान नम्बर लिने र रोजगार भएका र मजदूरी गर्नेले समेत आफ्नो कमाइको १ प्रतिशत कर तिर्न थालिसकेका छन्।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : मन चञ्चल |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : शत्रुको भय | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## कतारको आई डी हराएको सूचना




**म राजु सुनारको कतारको ID No. 27752423342 को कार्ड पोखरा रातो पहिरोबाट महतगौडा हुदै खाल्टे मसिना जाने क्रममा पर्स सहितको आवश्यक कागजातहरु हराएको हुदाँ पाउनुहुने माहनुभावले कागजपत्र र कतार आई डी दिनुहुन विनम्र अनुरोध गर्दछु।**

**सम्पर्क नं. ९८१३६९६३७१**

**नामः राजु सुनार**

**ठेगानाः पोखरा–१७, विरौटा, हनुमानटोल**

## विमा लेख हरायो

**नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि प्रस्याङसम्म जाँदा २०७८/०५/१० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु।**

**नामः कृष्टिना सापकोटा**

**विमा लेख नं. ३१२०००२८८**

**फोनः ९८४६२९१८७४**

जन्म एउटै कर्म एउटै बाटो एउटै रहेछ।
सबै जना विलिन हुने माटो एउटै रहेछ॥

## हार्दिक समवेदना



**जन्मः**
**वि. स. २००३/१२/०६गते**

**स्वर्गारोहणः**
**वि.स. २०७८/०२/१६ गते**

**स्व. सु. प्रेम बहादुर गुरुङ**

**कास्की जिल्ला साविकको आर्वा विजय गा.वि.स. वडा नं. ८ पोखरी स्वाँरा विजयपुर घर भई हाल पो.म.न.पा. वडा नं. १३ हिमालीटोल निवासी यस 4th गोर्खा राईफल्स् भू.पू. सैनिक संघ पोखराका सक्रिय साधारण सदस्य एवम् कान्छी पल्टन 5/4th गोर्खा राईफल्सको सल्लाहकार सुवेदार प्रेमबहादुर गुरुङको ७५ वर्षको उमेरमा साथै उहाँको कनिष्ठ सुपुत्र योगेन्द्र प्रसाद गुरुङको पनि ४० वर्ष ०३ महिना ०३ दिनको उमेरमा भएको अकल्पनीय असामयिक दुःखद निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँ दुबै जना बाबा छोराको १५८ औं र १५ औं दिनको पुण्यतिथिमा पितृकार्य (पैय) को अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सुखवती भुवनमा प्रवेश पाउन भन्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।**

**ले. चित्र प्रसाद बराल**
**सचिव**

**सु. राम प्रसाद गुरुङ**
**अध्यक्ष**

**तथा**

**सम्पूर्ण 4th गोर्खा राईफल्स भू.पू. सैनिक संघ पोखरा**